आ.व २०८२/८३

समय- ११ बजे

बैठक संख्या:१८

स्थान: गाउँकार्यपालिकाको कार्यालय

आज मिति २०८३ वैशाख २१ गते सोमबारको दिन यस कुम्मायक गाउँपालिकाका अध्यक्ष श्री वंम प्रसाद लावती ज्यूको अध्यक्षतामा कुम्मायक गाउँकार्यपालिकाको बैठक बसि तपशिलको उपस्थितिमा निम्न बमोजिम निर्णय गरियो।

उपस्थिति:

| क सं | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री वंम प्रसाद लावती | अध्यक्ष | [signature] |
| २ | श्री महेन्द्र बहादुर खड्का | उपाध्यक्ष | [signature] |
| ३ | श्री देवेन्द्र कुमार लावती | सदस्य | [signature] |
| ४ | श्री वालकृष्ण शेर्मा | सदस्य | [signature] |
| ५ | श्री बावुराम कार्की | सदस्य | [signature] |
| ६ | श्री फगेन्द्र कुमार सम्वाहाम्फे | सदस्य | [signature] |
| ७ | श्री निर्मल राज घिमिरे | सदस्य | [signature] |
| ८ | श्री गंगा देवि बोहोरा | सदस्य | गंगा |
| ९ | श्री बेद माया चापागाइ | सदस्य | [signature] |
| १० | श्री इन्द्रसरी विश्वकर्मा | सदस्य | [signature] |
| ११ | श्री धनमाया तामाङ्ग | सदस्य | धनमाया |
| १२ | श्री डिक बहादुर दर्जी | सदस्य | [signature] |
| १३ | श्री लक्ष्मी नेपाली | सदस्य | [signature] |
| १४ | श्री जय नारायण खनाल | सदस्य सचिव | [signature] |

अन्य उपस्थिति:

| | | | |
|---|---|---|---|
| १५ | | | |
| १६ | बिपिन [illegible] | [illegible] | |
| १७ | श्री रजत बुढाथोकी | स्वा. प्र. अधिकृत | Rajat |
| १८ | श्री अर्पण पौडाल | पूर्वाधार शाखा प्रमुख | [signature] |
| १९ | श्री अनिल ढकाल | प्रशासन | [signature] |
| २० | श्री सिद्ध बिर लावती | स्वास्थ्य | |
| २१ | श्री केदार बहादुर खड्का | स्वास्थ्य | |

मिति २०८३-०१-२१ गते बसेको १८ औं कार्यपालिका बैठकका निर्णयहरु :

१.बृहत स्वास्थ्य शिविर सन्चालन सम्बन्धमा ।

२.मध्यस्थकर्ता नियुक्ति गर्ने सम्बन्धमा ।

३.त्रिशाली पूजा र मेलाको समयमा स्थानिय बिदा दिने सम्बन्धमा ।

४. अवण्डा वजेट सम्बन्धमा।

५. वजेट विनियोजन सम्बन्धमा।

६. बिबिध

६.१. कबिलाले ताम्राखु हात्तिपोखरी तमोर करिडोर सडक स्तरउन्नती कमागत सडक कालो पत्र निमार्ण सम्बन्धमा ।

६.२. धुलिखेल मुवेन जे वि र श्रि लक्ष्मी निमार्ण सेवा को माग निबेदन सम्बन्धमा ।

६.३. अनुगमन समितिमा सदस्य थप गर्ने सम्बन्धमा ।

६.४. स्थानिय पुर्वधार संरक्षण तथा ब्यवस्थापन सम्बन्धमा ।

६.५. कार्यप्रकिया पुर्नसंरचना कार्यान्वयन मार्ग दर्शन २०८३ कार्यान्वयन गर्ने गराउने सम्बन्धमा : निर्णयहरुः

निर्णय न १ : प्रस्ताव नं. १ माथि छलफल गर्दा नेपाली सेना बिर दल गण फिदिम को प्रस्ताव र आयोजनामा सन्चालन गर्न लागिएको बिस जना बिशेषज्ञ टोली, स्वास्थय कर्मी र पालिकाको स्वास्थ्यकर्मी सहितको बृहत स्वास्थ्य शिविर मिति २०८३ जेठ १४ र १५ कुम्मायक को १५ शैया को नया अस्पतालमा सन्चालन गर्ने र सो कार्याकमको ब्यवस्थापन र समन्वय कुम्मायक गाउँपालिकाले गर्ने साथै बिशेषज्ञ टोलीको खाने र बस्ने बिषयको ब्यवस्थापन कुम्मायक गाउँपालिकाले गरी पाँचथरका जिल्ला सबै पालिका समन्वय गरी धेरै भन्दा धेरै लाभग्राहीलाइ लाभान्धित हुने शिविर सन्चालन गरी बृहत स्वास्थ्य शिविर सफल वनाउने भनि निर्णय गरियो ।

निर्णय न २ : प्रस्ताव नं. २ माथी छ्लफल गर्दा "KRM/NCB/WORK/2077/078-7 कुम्मायक गाउँपालिका पाँचथरमा १५ शैयाको प्राथमिक भवन निमार्ण" को ठेक्का पारी काम गर्दै आएको नागार्जुन भगवती जे भी ले नेपाल मध्यस्थता परिषदमा (NEPCA) मा मुल्य समायोजनको बिषय लाई लिएर मुद्धा दायर गरेको र सो बिषयको बिवादको समाधन गर्नका लागी दुबै पक्षले अनिबार्य मध्यस्तकर्ताको नियुक्ति गर्नु पर्ने भएको र मिति २०८२।१२।२६ गते नेपाल मध्यस्थता परिषद बाट ९१७।२०८२।८३ मा चलानी भई आएको पत्रले ३० दिन भित्रमा परिषदमा सुचिकृत मध्यस्तकर्ताहरु मध्ये बाट १ जना मध्यस्थताकर्ता छनौट गरी पठाउनु भनी पत्रचार गरकाले, कार्यापालिको छलफल बाट ई घन श्याम गौतम (जन्म मिति

२०१९।०१।१०। लाई कुम्मायक गाउँपालिका तर्फ बाट मध्यस्थकर्ता को रुपमा छनौट गरी पठाउने निर्णय गरियो ।

निर्णय न ३ : प्रस्ताब ३ माथि छलफल गर्दा धार्मिक,सास्कृतिक र पर्यटकिय महत्व बोकेको, कुम्मायक गाउँपालिकामा तिन बर्षमा एक पटक सन्चालन हुने त्रिसाली पूजा र मेलाको को अवसरमा, स्थानिय सरकार सन्चालन ऐन २०७४ को दफा ११ को उपदफा २ ग को व्यवस्था लाई मध्यनजर गर्दै २०८३ बैशाख २३ देखी बैशाख २५ सम्म ३ दिन अतिआवश्यक बाहेकका कुम्मायक गाउँपालिका र कुम्मायक गाउपालिका मातहतका सरकारी कार्यालयहरु र बिधालयहरु लाई स्थानिय बिदा दिन निर्णय गरियो ।

प्रस्तावनं. ४ अवण्डा बजेट शिर्षकको अनुमोदन सम्बन्धमा ।

निर्णय नं. ४ प्रस्ताव नं. ४ माथी छलफल गर्दा कुम्मायक गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालयबाट आ.व. २०८२-०८३ मा त्रिशाली पुजा एवंम मेला शिर्षकमा रु ८,००,०००| मात्र विनियोजन भएको र त्रिशाली भलिवल ब्याडमिन्टन चेस बुद्दिचाल र सांस्कृतिक कार्यक्रममा रु २,००,००० विनियोजनभएको मा सो शिर्षकहरुबाट तपसिलको कार्यक्रममा खर्च भएको हुदा तपसिलअनुसारको खर्च शिर्षक विनियोजन गर्ने निर्णय गरियो ।

तपसिलः

| क्र.सं. | शिर्षक | बजेट | कायम शिर्षक | बजेट | कैफियत |
|---|---|---|---|---|---|
| १. | त्रिशाली पुजा एवम मेला | ८,००,०००| | यालाङ्ग (धान नाच) | १,००,०००| | |
| | | | नैमती | ५०,०००| | |
| | | | केलाङ | १,००,०००| | |
| | | | पुजा सामाग्री व्यवस्थापन | १,५०,०००| | |
| | | | यासोक बजार कुम्मायक कुस्सायक माङहीम व्यवस्थापन | ३,००,०००| | |
| | | | सडक बत्ती | १,००,०००| | |
| | | | जम्मा | ८,००,०००| | |
| २. | त्रिशाली भलिवल ब्याडमिन्टन चेस बुद्दिचाल र सांस्कृतिक कार्यक्रम | २,००,०००| | कुम्मायक कुस्सायक त्रिशाली स्तरीय डवल पुरुष ब्याडमिन्टन प्रतियोगिता | १,००,०००| | |
| | | | दोस्रो राष्ट्रीय स्तरीय त्रिशाली फिडे रेटीङ बुद्दीचाल प्रतियोगिता | १,००,०००| | |

निर्णय नं. ५ प्रस्ताव नं. ५ माथी छलफल गर्दा कुम्मायक गाउँपालिकामा परापुर्वकाल देखी ३ वर्षको अन्तरालमा लाग्ने त्रिशाली मेलाको अवसरमा संचालन हुने कुम्मायक कुस्सायक आमन्त्रण त्रीशाली गोल्डकप संचालनको लागी विनियोजित बजेट अपुग हुने हुँदा बजेट माग भई आएकोले सो गोल्डकप संचालनको लागी कुम्मायक गाउँपालिकाको आ.व. २०८२/०८३ को बजेट शिर्षक (कार्यक्रम खर्च) शिर्षकबाट रु. १,००,०००। विनियोजन गर्ने निर्णय गरियो । सो बजेटबाट कुम्मायक कुस्सायक आमन्त्रण त्रीशाली गोल्डकप संचालन व्यवस्थापन र कार्यक्रम सम्पन्न पश्चात भुक्तानी समेत यलम्बर युवा संस्थालाई गर्ने भनी निर्णय गरियो ।

निर्णय नं. ६: विविध

निर्णय ६.१ : प्रस्ताव ६.१ माथि छलफल गर्दा कविलाले ताम्राखु हात्तिपोखरी तमोर कोरिडोर सडक स्तरउन्नती क्रमागत सडक कालो पत्र निर्माणको ठेक्का पारी काम गर्दै आएको इश्वरी निर्माण सेवा फिदिम २ पाँचथरले मध्यपुर्वको युद्धको कारण सामानको रेट बढेको र सामान सर्टेज भएको भनि कार्यासम्पन्न गर्ने मिति सार्नका लागि निवेदन उपर छलफल गर्दा सो योजना समानिकरण अन्तर्गतको योजना भएको र समय थप गर्दा बजेट फ्रिज हुने समस्या भएको र सो बजेट फ्रिज हुँदा पालिकामा अर्को वर्ष आर्थिक दायित्व बढ्ने भएकोले समय थप्न नसकिने भएकाले, ३ दिन भित्र काम सुरु गरी ७ दिन भित्र कामका प्रगति पेश गर्नका लागि इश्वरी निर्माण सेवा फिदिम २ लाई पत्राचार गर्ने भनि निर्णय गरियो ।

निर्णय नं. ६.२: प्रस्ताव नं. ६.२ माथि छलफल गर्दा धुलिखेल मुवेन जे वि र श्रि लक्ष्मी निर्माण सेवा ले पेश गरेको निवेदन उपर छलफल गर्दा आवश्यक प्रतिवेदन तयार गर्नका लागि पूर्वाधार विकास समितिमा पठाउने भनि निर्णय गरियो ।

निर्णय नं. ६.३ : प्रस्ताव नं. ६.३ माथि छलफल गर्दा अनुगमन समिति सदस्यमा कार्यपालिका सदस्य इन्द्रश्वरी विश्वकर्मालाई थप गर्ने भनि निर्णय गरियो ।

निर्णय नं. ६.४: प्रस्ताव नं. ६.४ माथि छलफल गर्दा स्थानीय पूर्वाधार संरक्षण तथा व्यवस्थापन गर्नका लागि वडा नं. ३ अध्यक्ष श्री बाबुराम कार्की ज्यूको अध्यक्षतामा तपशिल चार सदस्यीय स्थानीय पूर्वाधार संरक्षण तथा व्यवस्थापन समितिको गठन गर्ने निर्णय गरियो ।
श्री बाबुराम कार्की : संयोजक
श्री बाल कृष्ण सेर्मा: सदस्य
श्री लक्ष्मी नेपाली: सदस्य
श्री अर्पण पौठाक लिम्बु: सदस्य सचिव

निर्णय नं. ६.५: प्रस्ताव नं. ६.५ मा छलफल गर्दा कार्यप्रकृया पुर्नसंरचना कार्यान्वयन मार्ग दर्शन २०८३ कार्यान्वयन गर्न गराउनका लागि सुशासन समितिमा पठाउने निर्णय गरियो ।

निर्णय नं. ६.६ : प्रस्ताव नं. ६.६ माथि छलफल गर्दा राहत माग का लागि आएका रत्न बहादुर सम्बाहाम्फे र रानीगाउँ तिल्के केलाङ युवा क्लव को निवेदन लाई राहात उपलब्ध गराउनका लागि विपद व्यवस्थापन समितिमा पठाउने निर्णय गरियो ।